श्री ५ को सरकार

संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले "छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०३९" को परिच्छेद ६ को दफा ३३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायमा लेखिएका अध्यक्ष र सदस्यहरू भएको प्रेस काउन्सिल मिति २०४५।१०।१० सम्म वर्ष २ को लागि गठन गरेको छ।

(क) सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बबरप्रसाद सिंह – अध्यक्ष

(ख) माननीय राष्ट्रिय पंचायतका सदस्य श्री जनकबहादुर शाह – सदस्य

(ग) गोरखापत्र दैनिकका प्रधान सम्पादक – सदस्य

(घ) राष्ट्रिय समाचार समितिको महा-प्रबन्धक – सदस्य

(ङ) नेपाल पत्रकार संघका सभापति – सदस्य

(च) निजी क्षेत्रका पत्र-पत्रिकाका प्रकाशकहरूमध्येबाट "समय" दैनिकका सम्पादक तथा प्रकाशक श्री माणिकलाल श्रेष्ठ – सदस्य

(छ) निजी क्षेत्रका पत्र-पत्रिकाका सम्पादकहरूमध्येबाट

(१) "नयाँ समाज" दैनिकका सम्पादक श्री बालमुकुन्ददेव पाण्डे – सदस्य

(२) "दैनिक नेपाल" दैनिकका सम्पादक श्री इन्द्रकान्त मिश्र – सदस्य

(ज) श्रमजीवी पत्रकारमध्येबाट

(१) किशोरीरमण राणा – सदस्य

(२) अभयपाणि गौतम – सदस्य

(झ) सूचना विभागका निर्देशक – सदस्य-सचिव

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव

Ee 27

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।